परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक



समाचार पृष्ठ २ मा

उखु कृषकलाई ८० करोड अनुदान भुक्तानी

वर्ष : २ अंक : १८१ पृष्ठ ४ २०८० पौष ८ गते, आइतबार 24 Dec., 2023 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## भारतबाट उद्धार गरिएका ८ बालक परिवारको जिम्मा लगाइयो



• टक नेपाल

रौतहट । रौतहटको विभिन्न पालिकामा घर भई लामो समय देखि भारतको मुम्बई स्थित बालगृहमा रहेको ८ जना बालकलाई उद्धार गरी परिवारको जिम्मा लगाइएको छ । स्थानीय दुर्गाभगवती गाउँपालिका, ईसानाथ र राजपुर नगरपालिका लगायत स्थानीय तहका ८ बालकहरूलाई शनिवार अभिभावकको जिम्मा लगाइएको हो । जिल्ला प्रहरी कार्यालय गौरमा प्रहरीको रोहवरमा बालकहरूलाई अभिभावकको जिम्मा लगाइएको हो। विगत करिब ४ महिनादेखि भारतको मुम्बईस्थित बालगृहमा ती बालबालिका राखिएको थियो। उद्धार गरी अभिभावकको जिम्मा लगाइएका बालकहरू १३ देखि १६ वर्षा उमेर समूह रहेका थिए। विभिन्न बहानामा भारतको मुम्बई पुगेका ति बालकहरू विभिन्न ब्याग फ्याक्ट्रीहरुमा काममा लगाइएको थियो । मुम्बई प्रहरीले ब्याग फ्याक्ट्रीमा छापामारी गर्दै ती बालकहरूको उद्धार गरेको थियो। उद्धार पछि ती बालकहरूलाई मुम्बईमा रहेको बाल गृहमा राखिएको थियो । १८ वर्ष उमेर नपुगे सम्म बालबालिकालाई काममा लगाउनु गैर कानुनी रहेकोले प्रहरीले विभिन्न कारखानाहरूमा कारबाही गर्दै आएको छ ।

बाँकी पृष्ठ २ मा

## जनकपुरधामबाट अयोध्या भार पठाउने तयारी




• टक नेपाल

जनकपुरधाम । जनवरी २२ तारिखका दिन भारतको अयोध्यामा नवनिर्मित राम मन्दिरमा राम जीको प्राणप्रतिष्ठा हुने अवसरमा जनकपुरधामबाट भार पठाउने तयारी थालिएको छ । जानकी मन्दिरका महन्त राम तपेश्वर दासको संयोजकत्वमा स्थानीय, प्रदेश र संघ गरी कुल ११ सय सदस्यीय जनकपुरधाम अयोध्या भार यात्रा समिति समेत गठन गरिएको छ । मिथिला परम्परा अनुसार छोरीको नयाँ घर बन्दा हुने घरबासमा माइती पक्षबाट आभूषण, लत्ताकपडा र बर्ष भरिको खानाको सामग्री पठाइने गरिन्छ। सोही अनुरुप जानकी जीको माइत पक्ष मिथिलाबाट ती सामग्रीहरु पठाउन लागिएको जानकी मन्दिरका उत्तराधिकारी महन्त तथा समितिका संचालक राम रोशन दास बैष्णवले जानकारी दिए। शनिवार जानकी मन्दिरमा बसेको सर्वपक्षीय बैठकमा उत्तराधिकारी महन्त रोशनले जनकपुरधामबाट भार लिएर ४ तारिखमा प्रस्थान गरिने जानकारी दिए। बैठकमा उनले जनकपुरधामबासीहरुलाई विभिन्न प्रकारका पकवान वा फलफूल तथा अन्य सामग्री सहयोग गर्नका लागि आग्रह गरे। उनले भने-' जानकी जी सम्पूर्ण मिथिलाबासीको छोरी रहेका कारण सम्पूर्ण मिथिलाबासीको दायित्व अन्तर्गत पर्ने भएकाले कसैले भोलीको दिनमा यो नभनोस कि मैले मौका पाएन त्यस कारण भारका लागि सवै लाई आग्रह गरिएको छ ।' बैठकमा उत्तराधिकारी महन्त रोशनले त्रेता युग पछि पहिलो पटक अयोध्या भार जान लागेका कारण यस कार्यक्रमलाई सम्भ र भव्य बनाउन सम्पूर्ण नगरबासी संग आग्रह गरे । उनले ४ तारिखको यहाँबाट प्रस्थान गरिने कार्यक्रम रहेको हुनाले ३ तारिखको जे जति सामग्री हुन्छ जानकी मन्दिरमा पुर् याउन आग्रहसमेत गरे । उनले पकवानहरुलाई बासँको डालामा सजाएर ल्याउन आग्रह गर्दै त्यसमा आफ्नो नाम परिचय समेत उल्लेख गर्न आग्रह गरेका छन् । उनले जनकपुरधामबाट जलेश्वरनाथ हुलाकी सडक हुँदै मलंगवा (बलारा) बाट सिम्रौनगढ-गढीमाइ-वीरगञ्जमा रात्री विश्राम गर्ने योजना रहेको बताए । भोलि पल्ट ८ बजे यात्रा प्रारम्भ हुने र वीरगञ्जको जानकी नगर गेट हुँदै बेतिया कुशीनगर सिद्धार्थनगर हुँदै गोरखपुर अयोध्यामा पुगेर रात्रि विश्राम गर्ने कार्यक्रम रहेको उत्तराधिकारी महन्त रोशनले जानकारी दिए । अध्योध्या पुगेको भोलि पल्ट ६ तारिखको ९ बजे विधिवत राम जन्मभूमि राममन्दिर ट्रष्टलाई सम्पूर्ण भार हस्तान्तरण गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# प्रचण्ड सरकारको एक वर्ष: हर्ष न बिस्मात्

प्रचण्ड सरकारको एक वर्ष पुग्न अब केही दिनमात्रै बाँकी छ। सरकारले एक वर्षमा के-कस्ता काम गऱ्यो ? त्यस विषयमा छलफल हुन थालेको छ । मुलुकको पछिल्लो बेथितिलाई हेर्ने हो भने, प्रचण्ड सरकारलाई समर्थन गर्न सक्ने अवस्था देखिँदैन। मिलिजुली सरकारका मन्त्रीहरुको क्रियाकलापलाई हर्ने हो भने उदेक लाग्दो अवस्था देखिन्छ। शुरुमा केही गर्छन् कि भन्ने आशा गरिएका गृह र पर्यटनमन्त्रीको पछिल्लो हर्कत हेर्ने हो भने उनीहरुको गतिविधिका कारण व्यवस्था धरापमा पर्ने हो कि भन्ने आशंका जन्माइदिएको छ। जनताले समयमा मल, बीउ नपाउँदा यसपटकको कृषि उत्पादनमा समेत ह्रास आउने अवस्था भएको छ। उता तराईमा साहू-महाजनले गरिबलाई मिटरब्याजमा पैसा लगाएर उठिबास गराएको विषयमा सरकारले छानबिन आयोग गठन गरेर गरिबमारा मिटरब्याजीमाथि कारबाही हुन्छ भन्ने आशा आम नेपाली नागरिकले गरेको भए पनि गृहमन्त्री नारायणकाजी श्रेष्ठको पछिल्लो हर्कत हेर्दा उहाँले मिटरब्याजीलाई राहत हुने गरी प्रतिवेदन बनाउन लगाएको आरोप लाग्दै आएको छ । प्रचण्ड सरकारका मन्त्रीहरु यो अवसर फेरि आउँदै नजस्तो गरी कमाउमा लिप्त हुन थालेका छन् भने व्यवस्था विरोधी समूह अहिले यही मौकामा गणतन्त्रको घाँटी निमोठ्ने प्रयासमा लागेका छन्। यति हुँदा पनि सरकारको अझै चेत आउन सकेको छैन। पर्यटनमन्त्री किरातीको पछिल्लो हर्कत हेर्ने हो भने उहाँ एक मिनेट पनि मन्त्रीको कुर्सीमा बस्नलायक देखिनुहुन्न। अर्बौं घाटामा रहेको नेपाल वायु सेवा निगमको गुणस्तर सुधार गर्नेभन्दा पनि ऋणमाथि ऋण बोकाउने मनसायले आन्तरिक उडानका लागि विमान किन्न चोर बाटोको प्रयोग गर्न लाग्नुले उहाँको नियतमाथि प्रश्न उठेको छ। मन्त्री किरातीको पछिल्लो अभिव्यक्तिपछि त उहाँको नैतिकतामाथि झनै प्रश्न उठेको छ। क्रिश्चियन धर्मको प्रचारमा लागेका मन्त्री किरातीले क्रिश्चियन धर्म नमान्नेलाई अपराधीको संज्ञा दिएर प्रधानमन्त्रीसमेत क्रिश्चियन भएको पुष्टि गर्न खोज्नुले उहाँको नैतिकतामाथि प्रश्न उठेको हो।

# उखु कृषकलाई ८० करोड अनुदान भुक्तानी

● टक नेपाल

काठमाडौं। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उखु कृषकलाई अनुदानवापत ८० करोड रकम भुक्तानी गरेको छ। गत आर्थिक वर्ष २०७९/८० मा कृषकलाई भुक्तानी गर्नुपर्ने रु एक अर्ब ३२ करोडमध्ये चालु आवमा सो रकम भुक्तानी गरिएको हो। बाँकी रु ५२ करोड बक्यौता भुक्तानीका लागि मन्त्रिपरिषद्ले रकम थप उपलब्ध गराउन स्वीकृत प्रदान गरेकाले सम्बन्धित जिल्लामा निकासापश्चात् कृषकको उपलब्ध विवरणका आधारमा कृषकको खातामा रकम भुक्तानी हुने मन्त्रालयका सहसचिव एवं प्रवक्ता शवनम सिवाकोटीले जानकारी दिए।



सरकारले उखु कृषकको संरक्षण र कृषि व्यवसाय प्रवर्द्धन गर्न हरेक वर्ष उखुको न्यूनतम खरिद मूल्य तोक्दै आएको छ। चालु आवका लागि उखुको न्यूनतम खरिद मूल्य प्रतिक्विन्टल रु पाँच सय ६५ र नेपाल सरकारले प्रदान गर्ने प्रतिक्विन्टल अनुदान रकम रु ७० निर्धारण गरिएको छ। विभिन्न उखु उत्पादन हुने जिल्लाका कृषकबाट लिइएको उत्पादन लागत विवरण तथा छिमेकी देशमा तोकिएको खरिद मूल्यलाई समेत विश्लेषण गरी तयार गरिएको प्रतिवेदनका आधारमा कृषि विभागले मूल्य निर्धारणका लागि प्रस्ताव गरेको हो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको संयोजकत्वमा अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, राष्ट्रिय किसान आयोग, राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रमका प्रतिनिधि, नेपाल उखु उत्पादन महासङ्घ, चिनी उत्पादक सङ्घलगायतका सरोकारवालाको सुझाव समेतलाई विश्लेषण गरी प्रतिक्विन्टल उखुको लागत २० प्रतिशत मुनाफा र ढुवानी लागतसमेत गरी प्रतिक्विन्टल न्युनतम खरिद मूल्य रु पाँच सय ६५ सिफारिस गरिएको थियो। *रासस*

# दाइजोले गरिबलाई ऋणको भार...

अधिकांशले उनको जस्तै समस्या सुनाएका थिए। गरिबलाई उठाउनै नसक्ने गरी ऋणको बोझ बोकाएर लगातार दबाब र धम्की दिने साहु र संस्थाविरुद्ध आफूहरूको संघर्ष जारी रहेको संघर्ष समितिकी महोत्तरी अध्यक्ष सिलम यादव बताउँछिन्। अशिक्षा र गरिबीकै कारण पछि परेका समुदायलाई लघु वित्तीय संस्थाहरूले समेत मनोमानी नियम लगाएको उनको आरोप छ। आफ्नो हिसाबले नियम लगाएर गरिबको शोषण संस्था र महाजनहरूले गरिरहेकाले त्यसको विरुद्धमा जिल्ला भेला गरेको उनले बताइन्। उनका अनुसार भेलामा महोत्तरीबाट १ सय ३५ जना पीडित उपस्थित भएका थिए। लघुवित्त संस्थाको मनोमानी राज्यले नै संरक्षण गरेका कारण गरिबहरू दिनदिनै बोक्नै नसक्ने ऋणको भुमरीमा परिरहेको पीडित संघर्ष समितिका केन्द्रीय उपाध्यक्ष युवराज रसाइली बताउँछन्। ऋणीले आफूले लिएको कर्जाभन्दा धेरै रकम चुक्ता गरिसकेको अवस्थामा धितो लिलाम भएकाको सम्पत्ति फिर्ता हुनुपर्ने र ऋण मिनाहा हुनुपर्ने मुख्य माग आफूहरूको भएको उनले बताए।

# भारतबाट उद्धार ...

नेपालका बालकहरू बाल गृहमा फसेको सूचना पाएपछि बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरूको संयुक्त प्रयासमा ती बालकहरूलाई परिवारको जिम्मा लगाइएको छ । ग्रामीण विकास केन्द्र नेपाल गौर, सामुदायिक विकास तथा सचेतना नेपाल मकवानपुर, राष्ट्रिय बाल अधिकार परिषद्, र जिल्ला स्थितका सरकारी निकायहरूको समन्वयमा ती बालकहरूको उद्धार गरिएको थियो । उद्धारको क्रममा मुम्बई पुगेकी ग्रामीण विकास केन्द्र नेपाल रौतहटका कोषाध्यक्ष ममता झाले बालकहरूलाई परिवारको जीमा लगाउन पाउँदा निकै खुसी लागेको बताइन् । आफ्नो छोरा पाएपछि स्थानीय दुर्गाभगवती गाउँपालिका वार्ड ३ मत्सरीका प्रमोद राउत अब उप्रान्त आफ्नो छोरालाई विद्यालयमा भर्ना गर्ने प्रतिबद्धता जनाएका थिए ।







## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००५० | जनकपुर आँखा अस्पताल | ५२०३५७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००५७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०५०, ५२६०५१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०५००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अरूको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ। | तुला | मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक र हनेछ। |
| बृष | आम्दानीका विभिन्न स्रोत देखिए पनि सोचेको फाइदा नहुन सक्छ। | वृश्चिक | परिस्थितिसँग सम्झौता गर्नुपर्दा समस्या पर्नेछ। |
| मिथुन | मिहिनेत गर्दा कार्यसिद्धिको समय छ। | धनु | परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोर्याउनुपर्नेछ। |
| कर्कट | अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। | मकर | चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ। |
| सिंह | पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला। | कुम्भ | दिन रमाइलो र उत्साहपूर्ण रहनेछ। |
| कन्या | परिवारजनको साथले उत्साह जगाउनेछ। | मीन | चिताएको काम बन्नाले नयाँ काम सुरु हुनेछ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

## ManaraShiswa Municipality,

# Office Of Municipal Executive

Manara, Mahottari, Madhesh Province

# Invitation for Sealed Quotations

**Date of publication: 2080/09/08( Dec 24, 2023)**

1. ManaraShiswa Municipality, Office Of Municipal Executive, Manara, Mahottari invites sealed quotations from Nepalese eligible bidders for the Procurement Of Goods & the construction Of Works as Mentioned Below in the table.

| S.N. | Contract ID | Description Of Item | Total Estimated Amount (Nrs) Exclusive of VAT, & Contingencies (Nrs) | Sealed Quotation Document Fee(Nrs) | LastDate &TimeOf Quotation document Purchase | Last Date & Time Of Quotation Submission | Quotation Opening Date & Time | Quotation Validity Period | Quotation Security | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | Amount | Validity |
| i | Mun/Manara/Goods /SQ/4/2080/81 | पालिका भित्रका सामुदायिक विधालयहरुको लागि डेस्क/बेन्च खरिद तथा वितरण कार्य | 1763000.00 | 1000 | 2080-09-22 (Jan 7,2024) During Office Hours | 2080-09-23 (Jan 8,2024) 12 Hours | 2080-09-23 (Jan 8,2024) 13 hours | 45 days | 45000 | 75 days |
| ii | Mun/Manara/Works /SQ/5/2080/81 | वडा नं. ८ को मा.वि.सहसराममा सौचालय निर्माण | 1740194.07 | 1000 | 2080-09-22 (Jan 7,2024) During Office Hours | 2080-09-23 (Jan 8,2024) 12 Hours | 2080-09-23 (Jan 8,2024) 13 hours | 45 days | 45000 | 75 days |
| iii | Mun/Manara/Works /SQ/6/2080/81 | वडा नं ६ सरपल्लोमा वडा कार्यालय भवन निर्माण | 1740349.62 | 1000 | 2080-09-22 (Jan 7,2024) During Office Hours | 2080-09-23 (Jan 8,2024) 12 Hours | 2080-09-23 (Jan 8,2024) 13 hours | 45 days | 45000 | 75 days |
| iv | Mun/Manara/Works /SQ/7/2080/81 | मनरा-०१ नयाँ प्रशासनिक भवन छेउ भवन माथि प्राकृतिक चिकित्सा सेवा संचालन गर्न भवन माथि शेड निर्माण | 1739590.52 | 1000 | 2080-09-22 (Jan 7,2024) During Office Hours | 2080-09-23 (Jan 8,2024) 12 Hours | 2080-09-23 (Jan 8,2024) 13 hours | 45 days | 45000 | 75 days |
| v | Mun/Manara/Works /SQ/8/2080/81 | प्रशासनिक भवन हाता भित्र कम्पाउण्ड वाल स्तरोन्नति | 1740156.74 | 1000 | 2080-09-22 (Jan 7,2024) During Office Hours | 2080-09-23 (Jan 8,2024) 12 Hours | 2080-09-23 (Jan 8,2024) 13 hours | 45 days | 45000 | 75 days |
| vi | Mun/Manara/Works /SQ/9/2080/81 | वडा नं ९ मा सिचाई प्रयोजनको लागि बोरिंगहरुमा विधुतीकरण गर्ने कार्य | 1560865.42 | 1000 | 2080-09-22 (Jan 7,2024) During Office Hours | 2080-09-23 (Jan 8,2024) 12 Hours | 2080-09-23 (Jan 8,2024) 13 hours | 45 days | 45000 | 75 days |
| vi | Mun/Manara/Works /SQ/10/2080/81 | वडा नं ८ सहसराममा वडा कार्यालय भवन निर्माण | 1740702.49 | 1000 | 2080-09-22 (Jan 7,2024) During Office Hours | 2080-09-23 (Jan 8,2024) 12 Hours | 2080-09-23 (Jan 8,2024) 13 hours | 45 days | 45000 | 75 days |
| vi | Mun/Manara/Goods /SQ/11/2080/81 | वडा नं १ देखि १० सम्म वडा कार्यालयमा आवश्यक इन्भरटर,ब्यट्रा लगायतका अन्य विधुतीय सामाग्री खरिद | 1769515.44 | 1000 | 2080-09-22 (Jan 7,2024) During Office Hours | 2080-09-23 (Jan 8,2024) 12 Hours | 2080-09-23 (Jan 8,2024) 13 hours | 45 days | 45000 | 75 days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ManaraShiswa Municipality,Office Of Municipal Executive, Manara, Mahottari, email-**manarasishwamun.gov@gmail.com**.
3. A complete set of Sealed Quotations Documents may be purchased from the ManaraShiswa Municipality,Office Of Municipal Executive, Manara, Mahottari by eligible bidders on the submission of a written application along with the copy of company/firm registration certificate.
4. Sealed Quotation must be submitted to the ManaraShiswa Municipality,Office Of Municipal Executive, Manara, Mahottari by hand (Hardcopy Submission ) on or before as mentioned in the table above. Quotations received after this deadline will be rejected.
5. The Sealed Quoations will be opened in the presence of Bidders' representatives who choose to attend at Date And time as mentioned in the table above at the office of ManaraShiswa Municipality, Office Of Municipal Executive, Manara, Mahottari. Sealed Quotations must be valid for days mentioned in the table above after bid opening and must be accompanied by bid security through approved bank guarantee or approved cash deposit voucher of bid security amount mentioned in the table above ,which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. If any provisions of this document are inconsistent with Public Procurement Act 2063 and public procurement Regulations 2064, the provision of this document shall be void to the extent of such inconsistency and the provision of PPA, PPR & their latest amendment prevail.

| Cash Deposit Of | Name Of The Bank | Account Name | Account No | |
|---|---|---|---|---|
| Sealed Quotation Document Fee | Laxmi Bank Ltd , Manara Branch, Mahottari | AANTARIK RAJASHWO KHATA GA-1.1 | 08403000047 | Amount: As Mentioned in the Table Above |
| Quotation Security Amount | Laxmi Bank Ltd , Manara Branch, Mahottari | STHANIYA TAHA DHARAUTI KHATA GA-3 | 08403000193 | |

Chief Adminstrative Officer

# हतकडीसहित फरार आरोपित २४ घन्टा भित्र पकाउ



● टक नेपाल

जनकपुरधाम । हतकडीसहित फरार आरोपित २४ घन्टा नबित्दै सिरहा प्रहरीले पक्राउ गर्न सफल भएको छ । जनकपुरधाम । बाल यौन दुर्व्यवहार आरोपमा पक्राउ गरी म्याद थपका लागि ल्याइएको एक आरोपित जिल्ला सरकारी वकिलको कार्यालय अगाडिबाट हतकडीसहित फरार भएका थियो। आरोपित छोटु सदा शुक्रबार हतकडीसहित फरार भएको सिरहा प्रहरी प्रवक्ता (डिएसपी) रविन्द्रराज पाण्डेले पुष्टि गरेका छन्। बाल यौन दुर्व्यवहार आरोपमा सदालाई बिहीबार लहान प्रहरीले पक्राउ गरी हिरासतमा राखेको थियो। शुक्रबार दिउँसो करिब ३ बजे म्याद थपका लागि जिल्ला सरकारी वकिलको कार्यालय सिरहा पुऱ्याइएको थियो। प्रहरीको भ्यानबाट तल ओराल्ने क्रममा सदा हतकडीसहित भागेको थियो । जिल्ला प्रहरी कार्यालय सिरहा बाट खटिएको प्र स ह बैजु महतो, प्र स ह देवकुमार यादव र प्रहरी जवान दिपेश राउतको टोलिले चौबीस घन्टा भित्र समात्न सफल भएको प्रहरीले जनाएको छ ।

## कर्मचारी आवश्यकता

मिथिला सेभिङ्ग एन्ड इन्भेस्टमेन्ट प्रा. लि.को संचालक समितिको आर्थिक बर्ष २०८०/०८१ को बैठकको चलानी न. ०४० को निर्णय अनुसार बजार प्रतिनिधि तथा फिल्ड स्टाफ आवश्यकता भएकोले योग्यता पुगेका नेपाली नागरिकले आवेदन दिन सक्नेछन् ।

१. बजार प्रतिनिधी १ जना
२. फिल्ड स्टाफ २ जना


**कर्मचारी छनौट विधि** :
लिखित परिक्षा, अनर्तवार्ता, कार्याअनुभव, कम्प्युटरमा बेसिक कोर्स गरेको र नेपाली, अंग्रेजी दुबै भाषमा टाइपिङ्गको अनुभव भएको हुनु पर्ने, ब्यवस्थापन (+2 in management) अध्यन गरेकाहरु लाई विशेष मान्यता दिइने छ ।

**आवशयक कागजातहरू** :
S.L.C. Certificate, +2 Document, Biodata, हालसालै खिचिएको PP Size फोटो ४ प्रति

**तलब** :
आपसि समझदारि अनुसार

**सम्पर्क स्थान** :
**मिथिला सेभिङ्ग एण्ड इनभेष्टमेन्ट प्रा.लि.**
गौशाला न.पा. ११ ईमलीबजार (महोत्तरी)
सम्पर्क नं.: ९८१५८०७७७१, ९८६३९६९२२६

# दाइजोले गरिबलाई ऋणको भार



● टक नेपाल

महोत्तरी । छोरीको विवाह गर्न सम्पत्ति धितो राखेर ऋण लिएकी महोत्तरी रामगोपालपुर की हीरादेवी मण्डल अहिले ऋणको भारले थिचिएकी छन् । तीन वर्षअघि जनकपुरको राजश्री फाइनान्सबाट उनले १५ लाख ऋण लिएर दुई छोरीको विवाह गरेकी थिइन् । अहिले ऋण तिर्न नसक्दा धितो राखेको २ कट्ठा १६ धुर जग्गा लिलाम भएको पत्र फाइनान्सले पठाएको छ । त्यत्तिमै उनलाई ऋणले छाडेको छैन । मिटरब्याजमा ४ लाख रुपैयाँ लिएर जेठा छोरा वैदेशिक रोजगारीका लागि कुवेत गए । कान्छो छोरा पनि थप २ लाख रुपैयाँ ऋण लिएर ५ महिनाअघि मलेसिया पुगेका छन् । तर, आफूहरू समस्यामा परेको भन्दै उनीहरूले पैसा नपठाएपछि हीरादेवी अत्तालिएकी छन् । 'दुवै छोरा ले काम पाएका छैनन्, पैसा पठाएका छैनन्,' उनले भनिन्, 'साहुले यता बस्न दिएको छैन ।' अहिले ऋण १७ लाख पुगेको उनले सुनाइन् । 'घरमा बस्नै हुँदैन साहु र संस्था आएर धम्काउँछन्,' उनले भनिन् । महोत्तरीकै सम्सी-५ का दिनेशप्रसाद यादवले पनि ऋण लिएर छोरीको विवाह गरे । 'तिलक नदिए छोरीको विवाह नै हुँदैन,' उनले भने, 'ऋण नै लिएर दुई छोरीको विवाहमा २५ लाख खर्च गरेको छु ।' जेठी छोरीको विवाहमा १५ लाख खर्च भएकोमा ५ लाख नगद, मोटरसाइकल, दराज, फ्रिजलगायत घरमा चाहिने सबै सामग्री केटा पक्षलाई दिएको उनले बताए । 'कान्छी छोरीको विवाह खर्च १० लाख पुग्यो,' यादवले भने, 'ऋण तिर्न साढे ४ कट्ठा जग्गा बेचिसकेको छु । अहिले पनि ३३ लाख ऋण तिर्न बाँकी छ ।' संस्थाहरूले आफूले लिएको भन्दा दोब्बर भएको भन्दै तिर्न दबाब दिइरहेको उनले बताए । बर्दिबास-८ कर्मटोकी घर भएकी सरु चौधरी ६० वर्षकी भइन् । एक वर्षदेखि उनले ऋण लिएको कुनै पनि संस्थाको किस्ता तिर्न सकेकी छैनन् । उनको ऋण २५ लाख रुपैयाँभन्दा बढी छ । तर अहिले घरमा के खाउँ के लाउँको अवस्था भएको उनी बताउँछिन् । छोरीको विवाह गर्न ६ लाख र छोरालाई विदेश पठाउन ३ लाख विभिन्न संस्थाबाट ऋण लिएको उनले सुनाइन् । मलेसिया गएको ६ महिनामै श्रीमान् घर फर्किएपछि महोत्तरी कर्मटोकी इन्द्रकुमारी कलवारलाई पनि ऋणले सास्ती दिएको छ । ससुराको मृत्युपछि घर फर्किएका श्रीमान्को खुट्टा भाँचिएको र आफू बिरामी परेकाले ऋणमाथि ऋण बढ्दै गएको उनले बताइन् । अहिलेसम्म २० लाखभन्दा बढी ऋण पुगेको उनले सुनाइन् । 'के खाने कसरी बाँच्ने पनि थाहा छैन,' उनले भनिन्, 'अब सरकारले हेर्ला कि भनेर आन्दोलनमा आएको हुँ ।' लघुवित्त संस्था विरोध संघर्ष समितिले मंगलबार महोत्तरीको बर्दिबासमा गरेको जिल्ला भेलामा उपस्थित

»» बाँकी पृष्ठ २ मा

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)



हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाइरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४



+977 9801131433
For new and renewing Vianet yearly subscribers.
For More Contacts, Vianet Communication Limited Bardibas Branch

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com